# दशैँ कर्णालीः साइतको टीका मूलढोकामा, मान्छेको निधारमा साँझपख मात्र

प्रकाश पन्त
बीबीसी न्यूज नेपाली

२५ अक्टोबर २०२०
२७ सेप्टेम्बर २०२२ अद्यावधिक



BAKHAT KC

**जाजरकोट नलगाड नगरपालिका हल्चौरका गणेश खत्रीले दशैँको टीका साँझपख लगाउन थालेको धेरै भयो।**

"मैले ७३ वर्षको हुँदा पनि अहिलेसम्म साइतमा पारेर दशैँको टीका लगाउन पाएको छैन," उनी भन्छन्, "कामको चटारोले गर्दा साइतको मतलबै हुँदैन।"

गाईभैँसी नपाली, खेतीपाती नगरी दुई छाक जुटाउन गाह्रो पर्ने हुँदा टीका र जमरा लगाएर घाँसदाउरा जानुभन्दा बरु काम सकेर ढुक्कसँग साँझमा लगाउने गरेको उनले बताए ।

दशैँका बेला पनि उनीजस्ता सर्वसाधारण किसानको दैनिन्दिनीमा खासै फरक पर्दैन।

प्रायः दशैँको समयमा धान भित्र्याउन तथा गहुँ र जौ छर्न भ्याइनभ्याइ हुने जाजरकोट, रुकुम पश्चिम, सल्यान र दैलेखका किसानहरू बताउँछन्।

- दशैँको टीकासँगै आशीर्वाद दिँदा प्रयोग हुने श्लोकका विशेषता
- 'अक्षता खाइदिन्छन् भनेर केटाकेटीको हात बाँधिदिन्थे', अहिले कर्णालीमा सजिलै पाइन्छ चामल

उनीहरू भन्छन्, "एउटै घरका परिवार पनि पशुचौपाय पाल्न अलगअलग ठाउँमा बस्नु पर्ने बाध्यताले दिनमा भेला भएर टीका लगाउने अवसर नै जुट्दैन।"

## साइतका बेला मूल ढोकामा टीका

घरको सम्पूर्ण काम सकेपछि सधैँ साँझतिर भेला भएर मानिसहरू दशैँको टीका लगाउँछन्।

टीकाको साइतमा परिवारका सबै सदस्य एकै ठाउँमा भेला हुन नसक्ने भएकाले घरको मूल ढोकामा टीका र जमरा लगाएर साइत छोप्ने अनि साँझतिर टीका लगाउने गरिएको रुकुम पश्चिमकी रेश्मा विक बताउँछिन्।

"साइत छोपिसकेपछि साँझतिर आफन्तहरू भेला भएर टीका लगाउने, नाचगान गर्ने, खानपिन गर्ने गरेर रमाइलोसँग दशैँ मनाउँछौँ," उनले भनिन्।

BAKHAT KC

दशैँको टीका सधैँ साँझतिर लगाउँदै आएको बताउने उनी दिनमा टीका लगाएर कामकाजमा निस्किएर अलग हुनुभन्दा साँझतिर जम्मा भएर लगाउँदा रामाइलो हुने बताउँछिन् ।

अहिले बिजुलीबत्ती, सोलारको उज्यालोमा टीका लगाउने गरे पनि पहिलेपहिले सल्लीको दियालोको भर पर्नुपर्ने अवस्था थियो।

## दशैँमा पनि कामकै चटारो

दिनभरि काममा व्यस्त रहने र साँझ फुर्सद निकालेर दशैँको टीका लगाउने चलन गाउँघरतिर धेरै पहिलादेखि चलिरहेको बुझिन्छ।

"कामले गर्दा वर्षमा एक दिन पनि आनन्दसँग दशैँ मनाएको पाइँदैन," शिक्षक चन्द्रबहादुर रावलले भने, "कामको चटारोले गाउँतिर दशैँ नै खल्लो हुन्छ।"

छरपस्ट बसाइले गर्दा ठूलो परिवारका सदस्यहरू एकै ठाउँ भेला भएर टीकाटालो गर्दा रातभरि लाग्ने उनी बताउँछन्।

गाउँमा कतिले भने साइत पारेरै दशैँको टीका लगाउँछन् ।

- बलि दिइएका पशुको मुक्तिका लागि निराहार मौनव्रत
- कर्णालीका गाउँमा 'स्वर्ग पुगिने' भन्दै गरिने अनौठो अन्त्येष्टि चलन

तर बानी नै परिसकेको हुनाले घरछिमेकीले लगाएको देख्दा पनि नरमाइलो अनुभूति नहुने साँझपख टीका लगाउने मानिसहरू बताउँछन् ।

दशैँको बेला पनि कामको चटारोले नछोड्ने भएकाले साँझतिर नै टीका लगाउँदा अप्ठ्यारो महसुस हुँदैन ।

कतिले भने फुर्सद भएर पनि कुलदेवताको पूजा गरेर साँझतिर मात्रै टीका लगाउँछन्।

## बाउबाजेकै चलनको निरन्तरता

कुलदेवता र पितृको नाममा घरको मूलढोकामा टीकाजमरा लगाएर साइत छोपिसकेपछि आफूलाई अनुकूल पर्नेगरी टीका लगाउन सकिने रुकुम पश्चिमकी रेश्मा विक बताउँछिन्।

उनी भन्छिन्, "बाउबाजेकै पालादेखि चल्दै आएको चलनलाई हामीले पनि छोड्न सकेका छैनौँ।"

टाढाबाट आउने आफन्तलाई अनिवार्य रूपमा पर्खिनुपर्ने बाध्यताले गर्दा कतिले भने साइतको टीका छुट्ने गरेको बताउँछन्।

- दुर्गम क्षेत्रमा सेवा गर्दै रमाएका डाक्टर

कामको बोझले गर्दा सुखसँग चाडपर्व पनि मनाउन नपाउने अवस्थामा कर्णालीका किसानहरू रहेको वास्तविकता यसबाट झल्किन्छ ।

साँझबिहानको छाक जुटाउनकै लागि आफ्नो खुसी र आनन्दलाई पनि थाती राखेर दिनभरि काममा जोतिनुपर्ने बाध्यतामा उनीहरू छन् ।

## दोहोरो टीका

बडादशैँको टीका ठूलाबडाको हातबाट लगाएर आर्शीवाद लिनुपर्ने भए पनि कर्णालीका गाउँघरतिर भने दोहोरो टीका लगाउने चलन छ।

सानोदेखि ठूलोसम्म सबैले दशैँको दोहोरो टीका र जमरा लगाइदिन्छन्।

दोहोरो टीका लगाउँदा धेरै समय लागे पनि आत्मीयता भने बढ्ने उनीहरूको भनाइ छ।

सहर बजारतिर टीकाको साइतलाई महत्त्व दिने गरिए पनि गाउँघरतिर भने त्यसलाई खासै महत्त्व दिइँदैन ।

दशैँको दिन कतिपयले भने साइतको ख्यालै नगरी बिहानैदेखि टीका लगाउन सुरु गर्छन्।

### सम्बन्धित सामग्री

## मुख्य समाचार

**पाकिस्तानका पूर्व प्रधानमन्त्रीलाई पक्राउ गर्ने प्रयास तत्कालका लागि स्थगित**

१५ मार्च २०२३

**बिहीवार नेपालले युएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?**

१५ मार्च २०२३

**विश्वासको मतपछि प्रधानमन्त्रीमा 'आलोपालो-सम्झौता'**

१५ मार्च २०२३

## अनि यो पनि




उडिरहेको भारतीय विमानमा यात्रुको मृत्यु, पाकिस्तानमा आकस्मिक अवतरण

१४ मार्च २०२३



जब अमेरिकामा जङ्गली बिरालोको शरीरमा लागुपदार्थको अंश भेटियो

१४ मार्च २०२३



सुरक्षा लगानी बढाउँदै यूके, चीन र विश्व व्यवस्थाबारे चर्चा किन?

१४ मार्च २०२३



आफ्नै मान्यता ‘कुल्चिएका’ रामचन्द्र पौडेलको परीक्षा आरम्भ

१३ मार्च २०२३

भाइरसहरू कसरी प्रयोगशालाबाट चुहिएर बाहिरिन सक्छन्?

१३ मार्च २०२३

बीबीसीसँग सहमतिपछि ग्यारी लिनेकर प्रस्तोताका रूपमा फर्किने, के हो विवाद

१४ मार्च २०२३

के बच्चाले गर्भमा नै संस्कार सिक्न सक्छन्?

१२ मार्च २०२३

चीनका नयाँ प्रधानमन्त्री ली चियाङको पृष्ठभूमि कस्तो?

११ मार्च २०२३

## धेरै पढिएको

१ **नेपालले बिहीवार यूएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?**

२ **पाकिस्तानका पूर्व प्रधानमन्त्री खानलाई पक्राउ गर्ने प्रयास तत्कालका लागि स्थगित**

३ **अमेरिका, यूके र अस्ट्रेलिया परमाणु पनडुब्बी परियोजनामा सहमत**

४ **विश्वासको मतपछि प्रधानमन्त्रीमा 'आलोपालो-सम्झौता'**

५ रुसी विमानसँग ठोक्किएपछि अमेरिकी ड्रोन दुर्घटनाग्रस्त

बीबीसीको विश्वसनीयता

प्रयोगका सर्तहरू

कुकीज

बीबीसीको बारेमा

बीबीसीलाई सम्पर्क गर्नुहोस्

गोपनीयता नीति

AdChoices / Do Not Sell My Info

© 2023 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**